नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

नेपाल सरकार प्रदेश प्रमुख सुदूरपश्चिम प्रदेश धनगढी, नेपाल

## ओल्के पर्व, २०८३ को शुभकामना सन्देश

सुदूरपश्चिम प्रदेशवासीहरुको प्रमुख चाडहरुमध्ये एक ओल्के पर्व, २०८३ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण सुदूरपश्चिम प्रदेशबासी दाजुभाई तथा दिदिवहिनीहरुमा सुख, समृद्ध, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो मुलुकमा विशेषगरि सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा साउने झरी सकिए लगत्तै विभिन्न प्रकारका रोगव्याधि, प्राकृतिक प्रकोप तथा विपत्तिहरुबाट बाँचिएको खुशियालीमा प्रत्येक वर्ष भाद्र १ गतेका दिन यस भेगको मौलिक पर्वको रुपमा विशेष महत्वका साथ ओल्के पर्व मनाउने गरिन्छ। यसै पर्वका अवसरमा गाउँघरका नजिकै अग्लो स्थानमा सबै गाउँले मिलेर रुखका हाँगाविँगा, इयाङ्ग आदि जम्मा पारी थुप्रो बनाइन्छ जसलाई बुढी हाल्ने भनिन्छ। सोही थुप्रोलाई असोज संक्रान्तिको दिन साँझ गाउँलेहरु भेला भएर जलाउने गर्दछन् जसलाई बुढी पोल्ने भनिन्छ। यस दिनमा आफ्ना मान्यजन, इष्टमित्र, छरछिमेकीहरुलाई पिडालु(कर्कलो) को पात(गाभा), फलफूल, हरियो सागपात, दुध, दही बाँड्ने प्रचलन पनि रहेको छ।

अन्त्यमा, ओल्के पर्व, २०८३ ले सबै नेपालीहरु बिच सामाजिक सदभाव्, सहिष्णुता एवम् राष्ट्रिय एकता कायम राख्दै नेपालको मौलिक संस्कृति तथा परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुऱ्याउँदै आपसी प्रेम, सदभाव् र आत्मीयता अभिबृद्धि गर्दै जाओस् भन्ने कामना सहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद!

२०८३ भाद्र १ गते, सोमबार ।

(नजिर मियाँ)
प्रदेश प्रमुख

प्रदेश प्रमुख